मितिः २०७८ कात्तिक १६ गते

**प्रेस नोट**

# वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको रजत महोत्सव, नवीकरणीय ऊर्जा क्षेत्रमा उत्कृष्ट कार्य गर्ने ३ संस्थालाई अवार्ड

## गरिवी र जलवायु परिवर्तन विरुद्ध लड्न ऊर्जाको पहुँच आवश्यकः ऊर्जा मन्त्री पम्फा भुसाल

**काठमाण्डौ, १६ कात्तिक ।** नेपालको नवीकरणीय ऊर्जा प्रवर्द्धनको केन्द्रिय निकायको रुपमा कार्यरत वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले आफ्नो २५औं बार्षिकोत्सव मनाएको छ । कार्यक्रममा यस वर्षको मञ्चुका स्मृति अक्षय कोषद्वारा केन्द्रको समन्वयमा स्थापित 'सुप्रविध स्मृति नवीकरणीय ऊर्जा पुरस्कार' तीन वटा संस्थाहरुलाई प्रदान गरिएको छ ।

पुरस्कार पाउनेहरुमा विरगञ्ज महानगरपालिका वडा नं. ११ विरगञ्जको हस्क पावर नेपाल प्रा.लि., काठमाडौं महानगरपालिका वडा नं. ३ महाराजगञ्जको घाम पावर नेपाल प्रा.लि.र काठमाडौं महानगरपालिका वडा नं. १३ ताहाचलको पृसु इलेक्ट्रोनिक्स प्रा.लि. रहेका छन् । यी संस्थाहरुले पुरस्कार र कदरपत्र सहित  प्रति संस्था २५ हजार रुपैया प्राप्त गरेका छन् ।

पुरस्कृत मध्ये हस्क पावर नेपाल प्रा.लि.ले नेपालमा तह २ र ३ को आधुनिक रकेट चुलो प्रवर्द्धन मार्फत् स्वच्छ खाना पकाउने ऊर्जाको प्रविधि प्रवर्द्धनमा विशेष योगदान दिएको, घाम पावर नेपाल प्रा.लि.ले सौर्य ऊर्जा प्रविधिको माध्यमबाट कृषि क्षेत्रमा नवीनतम व्यवसायिक ढाँचा विकासमा विशेष योगदान दिएको र पृसु इलेक्ट्रोनिक्स प्रा.लि.ले लघु जलविद्युत आयोजनालाई राष्ट्रिय प्रशारण लाइनमा जडान गर्नको लागि आवश्यक प्रणाली (synchronizing system र control panel) को विकासमा विशेष योगदान दिएको तथ्यलाई कदर गर्दै पुरस्कार प्रदान गरिएको हो ।

केन्द्रले प्रत्येक वर्ष मञ्चुका स्मृति अक्षय कोषद्वारा केन्द्रको समन्वयामा नेपालमा नवीकरणीय ऊर्जा प्रवर्द्धन गरी स्थानीय समुदायको जीवनस्तर उकास्न विशेष सहयोग पुऱ्याइ रहेका लघुजलविद्युत, सौर्य ऊर्जा र वायु ऊर्जा तथा जैविक ऊर्जा क्षेत्रमा नवीनतम कार्य गर्ने तीन वटा उत्कृष्ट संस्थाहरुलाई पुरस्कार प्रदान गर्दै आएको छ । यो पुरस्कार २०७४ सालबाट प्रदान गर्न थालिएको हो ।

केन्द्रको कार्यक्रममा बोल्नुहुदै ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री पम्फा भुसालले नवीकरणीय ऊर्जा प्रविधिहरुको प्रवर्द्धन मार्फत् ऊर्जाको पहुँच विस्तार गर्दै जलवायु परिवर्तन विरुद्ध लड्न उल्लेख्य भुमिका खेलेको बताउनु भयो । ऊर्जाले गरिवी निवारणमा भुमिका खेल्नुपर्ने बताउनुहुदै मन्त्री भुसालले जहाँ जमिन त्यहाँ सिंचाई सुविधा पुचाउन आफुँ प्रयासरत रहेको बताउनुभयो । उहाँले नेपालीको भान्साबाट एलपि ग्यास विस्थापन गर्ने लक्ष्य आफुँले लिएको बताउनुहुदै यसले व्यापारघाटा कम गर्न सहयोग पुग्ने धारण राख्नुभयो ।

कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयका सचिव देवेन्द्र कार्कीले केन्द्रले ऊर्जाका पहुँच नभएका दुर्गम वस्तिहरुमा ऊर्जा पुचाएर सराहनिय काम गरेको बताउनुभयो । सचिव कार्कीले मन्त्रालयले सरल प्रकिया वनाई लघु तथा साना जलविधुतहरुलाई राष्ट्रिय प्रशारणमा जोड्ने वताउनु भयो । उहाँले नवीकरणीय ऊर्जा प्रविधिहरुको प्रवर्द्धनको

लागि मन्त्रालयले नीजि क्षेत्रसँगको सम्बन्ध सुमधुर वनाउदै सँगसँगै लिएरहिड्ने बताउनु भयो । कार्यक्रममा नेपालका लागि वेलायती राजदुत निकोला पोलिटले वेलायत सरकारले विगतदेखि नै नवीकरणीय ऊर्जा प्रवर्द्धनमा सहयोग गर्दै आएको स्मरण गर्दै आगामी दिनमा पनि सहयोग निरन्तर रहने वताउनु भयो । केन्द्रका कार्यकारी निर्देशक डा. मधुसुधन अधिकारीले केन्द्रका २५ वर्षका मुख्य उपलव्धी चर्चा गर्दै नेपालमा नवीकरणीय ऊर्जाको प्रवर्द्धन र विस्तार गर्न सहयोग गर्ने सर्वलाई धन्यवाद दिनुभयो । नीजि क्षेत्रको प्रतिनिधित्व गर्दै नेपाल नवीकरणीय ऊर्जा परिसंघका अध्यक्ष गुणराज ढकालले सरकारले ऊर्जाको विकासको लागि अझै नीजि क्षेत्र मैत्रि वातावरण तयार गर्न नसकेको बताउनुभयो । उहांले नीजि क्षेत्रले व्यवसायवाट नै हात झिक्नु पर्ने  अवस्था आउन सक्ने बताउनुभयो ।

कार्यक्रममा केन्द्रले स्थापनाको २५ वर्षमा हासिल गरेका मुख्य उपलब्धि सहितको स्मारिकाको विमोचन गरिएको थियो । साथै, मैत्रिपुर्ण फुटसल कार्यक्रमका विजेता टिमलाई ट्रफि प्रदान गरिएको थियो । रजत महोत्सवको अवसरमा केन्द्रले नवीकरणीय ऊर्जाको क्षेत्रमा विशिष्ट योगदान पुचाउने ब्याक्ति तथा संस्थालाई सम्मान गरेको थियो । केन्द्रले यस अवसरमा विधुतिय सवारी साधनको चाली, नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता र ऊर्जा समिश्रण बारेको वहस, मैत्रिपुर्ण फुटसल लगायतका कार्यकम पनि आयोजना गरेको थियो ।

हालसम्म केन्द्र अन्तर्गत नेपाल सरकार र विभिन्न विकास साझेदारहरुको सयुक्त सहयोगमा तथा नीजि क्षेत्र र स्थानीय सरकारसँगको सहकार्यमा संचालित विभिन्न कार्यक्रमहरु मार्फत् लघु जलविद्युतबाट ३६ मेगावाट विद्युत उत्पादन मार्फत् २ लाख ४७ हजार घरधुरीले विधुतीकरणको सेवा पाएका छन् । त्यस्तै ९ लाख ६१ हजार घरेलु सौर्य विद्युत प्रणाली र १६ लाख सुधारिएको चुलो जडान हुनुका साथै ११ हजार पानी घट्टको सुधार भएको छ । शहरी क्षेत्रबाट निस्कने जैविक फोहोर, पोल्ट्रीफार्मबाट निस्कने सुली र गाईफार्मबाट निस्कने गोवर लगायतको प्रयोग ३ सय ४४ ठुला सहित ४ लाख ३३ हजार वायोग्यास प्लान्ट जडान भएका छन् । सार्वजनिक संस्था, विधालय, स्वास्थ्य चौकी, अस्पताल, सर्पदंश उपचार केन्द्र, वर्थिङ सेन्टर जस्ता संस्थामा कम्प्युटर तथा स्वास्थ्य संवन्धी उपकरण संचालन गर्न देशभर झण्डै २ हजार ८ सय संस्थागत सौर्य ऊर्जा प्रणाली जडान भएका छन् । साथै २ हजार ४ सय भन्दा वढी खानेपानी र सिंचाईको लागि प्रयोग हुने पानी तान्ने सौर्य पम्प जडान भएका छन् ।  यस वाहेक १ मेगावाट भन्दा वढिका सौर्य तथा सौर्य र वायु ऊर्जा मिश्रित मिनिग्रीड प्रणाली जडान भएका छन् । केन्द्र अन्तर्गत हाल सम्म जडित यस्ता नवीकरणीय ऊर्जा प्रविधिहरु मार्फत् देशका करिव ३५ लाख घरधुरी लाभान्वित भैसकेका छन् भने केन्द्रले ऊर्जा दक्षताको क्षेत्रमा समेत उल्लेख्य कार्य गरेको छ ।

नेपालमा वैकल्पिक तथा नवीकरणीय ऊर्जाका स्रोत र प्रविधिहरुलाई  प्रवर्द्धन गरी ग्रामीण क्षेत्रमा बसोबास गर्ने मानिसहरुको जीवनस्तरमा सुधार ल्याउने र परम्परागत ऊर्जा माथिको निर्भरतालाई कम गर्ने उद्देश्यले वि.सं. २०५३ साल कार्तिक १८ मा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको स्थापना भएको हो ।  प्रमुख कार्यक्षेत्रहरुमा लघु तथा साना जलविद्युत, सौर्य ऊर्जा (सौर्य विद्युतीय तथा तापीय प्रणालीहरु), जैविक ऊर्जा (वायोग्यास, सुधारिएको चुलो, ग्यासीफायर, वायोब्रिकेट आदि), वायु ऊर्जा, भूतापीय ऊर्जा, ऊर्जा दक्षता प्रवर्द्धन, जलवायु तथा कार्बन वित्त रहेका छन् ।

धन्यवाद ।